# गोरखा जिल्लाको

मौसम सम्वन्धी आपतकालीन कार्य योजना

# (Monsoon Plan)

**जिल्ला विपद् व्यवस्थापन समिति**

**जिल्ला प्रशासन कार्यालय, गोरखा**

**(मिति २०७९।०२।३१ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले पारित गरी उक्त मिति देखि कार्यान्वयनमा ल्याइएको ।)**

**गोरखा जिल्लाको नक्सा** **v**

खण्ड क **१**

परिच्छेद–१ **१**

परिचय १

१.१ जिल्लाको पृष्ठभुमि १

तालिका १ गोरखा जिल्लाको संकटासन्नताको अवस्था १

परिच्छेद–२ **३**

कार्य योजनाको उद्देश्य र आवश्यकता ३

२.१ कार्ययोजनाको उद्देश्य : ३

२.१.१ समष्टिगत उद्देश्य ३

२.१.२ निर्दिष्ट उद्देश्हरु ३

२.२ कार्ययोजनाको अपेक्षित नतिजा : ४

परिच्छेद–३ **५**

मनसुन आपतकालीन कार्ययोजना, २०७९ ५

३.१ क्षेत्रगत कार्ययोजना : ५

३.२ मनसुनको समयमा हुनसक्ने विभिन्न विपद् जोखिमहरु र क्षेत्रगत अवस्थाः ७

३.३ विपदको पूर्वतयारी : १२

चरण १ः सामान्य अवस्था १२

१.१ विपदको अवस्थामा पूर्वतयारीका लागि गरिने कार्यहरु १२

१.२ विपदको अवस्थामा सञ्चालन गरिने कार्यक्रमहरु १२

चरण २ : सतर्क अवस्था : १३

२.१ सञ्चालन गरिने कार्यक्रमहरु : १३

चरण ३ : उच्च जोखिम अवस्था अन्तरगत सञ्चालन गरिने कार्यक्रमहरु : १३

३.४ समस्या तथा चुनौतिहरु : १३

३.५ चुनौतिहरुलाई ध्यान दिँदै समस्या समाधान गर्न अपनाउनु पर्ने उपायहरु : १३

३.६ मनसुन विपद् जोखिम सम्बन्धमा आगामी दिनमा जोड दिनुपर्ने कुराहरु : १४

परिच्छेद–४ **१५**

**गोरखा जिल्लामा मनसुन समयमा हुनसक्ने विपद जोखिम न्यूनिकरण प्रतिकार्य योजना** १५

परिच्छेद–५ **१७**

विषयगत क्षेत्र अनुसारको कार्य विवरण : १७

५.१. समन्वय, खोज तथा उद्धार : १७

५.२ अस्थायी आवास तथा गैह्रखाद्य सामाग्री : १८

५.३ स्वास्थ्य तथा पोषण : १८

५.४ खाद्य सामाग्री : १९

५.५ सरक्षण : २०

५.६ खानेपानी, स्वच्छता तथा सरसफाई : २०

परिच्छेद–६ **२१**

आवश्यकताको लेखाजोखा २१

६.१ निकायगत स्रोत साधनको आँकलन : २१

६.२ हेभी इक्वीप्मेण्ट सम्वन्धी विवरण : २६

६.३ स्थानीय स्तरका विपद व्यवस्थापन समिति सम्वन्धी विवरण : २७

६.४ विपदमा सरोकार राख्ने सरकारी कार्यालयको विवरण : २८

६.५ अन्य सरोकारवाला राख्ने संघसंस्थाको विवरण : ३०

६.६ जिल्लामा रहेका एम्बुलेन्सको विवरण : ३१

**प्रकाशन मितिः २०७९,**

**प्रकाशक :**

जिल्ला विपद् व्यवस्थापन समिति
फोन : ०६४४२०१३३


**सर्वाधिकार** :

जिल्ला प्रशासन कार्यलय, गोरखा

**प्राविधिक सहयोग**

नेपाल रेडक्रस सोसाइटी गोरखा जिल्ला शाखा गोरखा ।
०६४-४२०१०४, ९८५६०३०४६८,

# गोरखा जिल्लाको नक्सा


N
चीन
मनाङ
लम्जुङ
धादिङ
तनहुँ
चितवन
गोरखा जिल्ला
सामागाउ
ल्हो
प्रोक
बिहि
चुम्चेत
छेकम्पार
सिर्दिबास
केरौजा
उहिया
काशीगाउ
मान्वु
थुमी
लापु
खरिबोट
हंशपुर
सिम्जुङ
केरावारी
जौवारी
थालाजुङ
हर्मी
श्रीनाथकोट
तान्लाङ
सौरपानी
स्वारा
आरुआर्वाङ
आरुचनौटे
आरुपोखरी
पा.खु.दे.
ताकुकोट
पन्दुङ
मसेल
तान्द्राङ
बगुवा
धावा
अमाङ
बोलाङ
लुंकोट
पालुङ्टार न.पा.
खोप्लाङ
मिरकोट
गोरखा न.पा.
धुवाकोट
देउराली
बकाङ
नाम्जुङ
फुजेल
मनकामना
ताकलुङ
ताइलीथोक
मकैसिङ
भुम्लीचोक
ध्याल्चोक

# खण्ड ‘क’

# परिच्छेद–१
# परिचय

## १.१ जिल्लाको पृष्ठभुमि :

गोरखा नेपालको ऐतिहासिक जिल्ला हो । यस जिल्लाको क्षेत्रफल ३६१० वर्ग किलोमिटर रहेको छ । यस जिल्ला २७ डिग्री १५ मिनेट देखि २८ डिग्री १५ मिनेट उत्तरी अक्षांश सम्म र ८४ डिग्री २७ मिनेट देखि ८४ डिग्री ५८ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ । साथै सबै भन्दा होचो भूभाग समुद्री सतहबाट २२८ मिटर र सबै भन्दा अग्लो भूभाग मनास्लु हिमाल ८१६३ मिटरको उचाईमा रहेको छ ।

सीमाना :

जिल्लाको सीमाना पुर्वमा धादिङ जिल्ला, पश्चिममा तनहुँ, लमजुङ र मनाङ उत्तरमा तिब्बत र दक्षिणमा चितवन र तनहुँ जिल्लाहरु रहेका छन् ।

हावापानी :

- जिल्लाको भौगोलिक वनावट खोंच, पहाड, उच्च हिमाल, पहाडीभिर वस्ती तथा टारहरु रहेको पाइन्छ ।

१. उष्ण हावापानी २.समशितोष्ण हावापानी

३. शितोष्उण हावापानी ४. हिमाली (अल्पाइन ) हावापानी

नेपाल सरकार, जनसंख्या तथा वातावरण मन्त्रालयले प्रकाशन गरेको जलवायु परिवर्तन सङ्कटासन्न नक्साङ्कन प्रतिवेदन, २०११ मा उल्लेखित ईन्डेक्सको आधारमा गोरखा जिल्ला उच्च जोखिमको अवस्थामा (०.६०१ ०.७८६) सुचिकृत छ ।

तालिका १ गोरखा जिल्लाको संकटासन्नताको अवस्था :

| क्र.स | सुचकाङ्कहरु | अवस्था<br>अति उच्च | उच्च | मध्यम | न्युन | अति न्यून |
|---|---|---|---|---|---|---|
| १ | वर्षा तथा तापक्रम | | | | ✓ | |
| २ | परिस्थितिकीय संकटासन्नता | | ✓ | | | |
| ३ | पहिरो/ भू क्षय | | ✓ | | | |
| ४ | बाढी/डुवान | | | ✓ | | |
| ५ | सुख्खा | | | ✓ | | |
| ६ | हिमताल विष्फोट | ✓ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | असिना | | | ✓ | | |
| ८ | असिना महामारी (भाडापखाला) लगायत अन्य पानीजन्य रोगहरु, कोभिड १९ आदि) | | | ✓ | | |
| ९ | समग्र संकटासन्नताको ईण्डेक्स | | ✓ | | | |

यो मनसुन आपतकालीन कार्ययोजना, २०७९ गोरखा जिल्लाको जिल्ला विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना, २०७९ को भाग हुने छ। यो योजना जिल्ला विपद व्यवस्थापन समितिको निर्देशन, नीति नियम र नेपाल रेडक्रस सोसाइटी गोरखा शाखा गोरखाको प्राविधिक सहयोगमा निर्माण गरिएको छ। यो योजाना जिल्ला भरी लागु हुनेछ।

# परिच्छेद–२

**कार्य योजनाको उद्देश्य र आवश्यकता**

प्रकोपका दृष्टिकोणले यो जिल्ला अति संवेदनशील तथा जोखिमयुक्त अवस्थामा रहेको छ । विभिन्न तथ्याङ्कहरुमा उल्लेख भएअनुसार वहुप्रकोपीय जोखिमको हिसाबले विश्वमा नेपाल २० औं स्थानमा, भूकम्पीय जोखिमको हिसाबले ११ औं स्थानमा र बाढीपहिरोको जोखिमको हिसावले ३० औं र जलवायु परिवर्तनको हिसावले छैठौं स्थानमा रहेको छ । नेपालका २३१५ वटा हिमताल मध्ये २२ वटा ताल फुट्ने अवस्थामा छन् । मुलुकमा प्रत्येक वर्ष प्रकोपको कारण ४२० वटा घटनाहरु घट्ने र करिब १००० मानिसहरुको मृत्यू हुने साथै लगभा ८० जना वेपत्ता हुने अनुमान गरिएको छ । ९३५० घरधुरी, १३,३०,००० जनसंख्या प्रभावित, १६००० घर परिवार विस्थाति, १ अर्व भन्दा बढि आर्थिक क्षति हुन्छ । गोरखा जिल्लामा विपद्सँग सम्बन्धित तथ्याङ्कहरु व्यवस्थित ढंगले राख्ने प्रणली स्थापना नभएता पनि प्रकोपको हिसावले संवेदनशील जिल्लाको रुपमा पहिचान भएको छ । (स्रोतः जिल्ला विपद पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ गोरखा ।)

यस जिल्ला मुख्यतयः विपदको जोखिमको हिसावले संकटासन्न रहेको कुरा विभिन्न तथ्याङ्कहरुबाट आँकलन गर्न सकिन्छ । यस जिल्लामा विपदका घटनाहरु अर्न्तगत भुकम्प, बाढीपहिरो, चट्याङ्ग, हावाहुरी, असिंना, जंगली जनावरको आक्रमण र विभिन्न प्रकारको महामारीहरु प्रमुख रुपमा रहेका छन् । यसरी हेर्दा नेपालमा मनसुनको समयमा पनि कुनै पनि प्रकारको विपद्का घट्ना घट्न सक्ने सम्भावना अत्याधिक मात्रामा रहेको छ । यसको लागि जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह तथा अन्य सरोकारवालाहरुले पुर्वतयारी गरी मनससुनको समयमा विपद्वाट हुने क्षतीको न्यूनीकरण गर्न समुदायस्तरसम्म सचेतना फैलाउनु र सामनाका लागि तयारी रहनु आवश्यक छ ।

भौगोलिक बनावट र वातावरणीय विविधताले गर्दा मनसुनको समयमा उत्पन्न हुन सक्ने विपद्का परिणामलाई पुर्व तयारी गरी जोखिम न्यूनीकरणका उपायहरु अपनाउनु पर्ने हुन्छ । विपदका विभिन्न विपदहरुका सिकाईलाई मध्यनजर गरी जिल्लामा मनसुन आपतकीलन कार्ययोजनाका टट्कारो महशुस गरी गोरखा जिल्लामा यो मनसुन आपतकालिन कार्ययोजना, २०७९ तयार गरिएको छ ।

## २.१ कार्ययोजनाको उद्देश्य :

२.१.१ समष्ठिगत उद्देश्य :

जिल्लाको विभिन्न स्थानमा मनसुनको समयमा हुने विपद्बाट उत्पन्न मानवीय असरहरु न्यूनीकरण तथा व्यवस्थापन गर्नका लागि जिल्लाको मनसुन आपतकालिन प्रतिकार्य क्षमता अभिवृद्धि गर्दे प्रभावितहरुका आधारभूत आवश्यकताहरुलाई समयमा नै प्रभावकारी एंव समन्वयात्मक रुपमा रुपमा उपल्ध गराउने कार्यको सुनिश्चित गर्नु रहेको छ ।

२.१.२ निर्दिष्ट उद्देश्हरु :

- स्थानीय सरकार, सरोकारवाला निकाय तथा संघ संस्थाहरुसगँ प्रभावकारी समन्वयको सुनिश्चितता गरी मनसुन आपतकालीन विपद् पुर्व तयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउन,

- मनसुन तथा विपद्बाट प्रभावित व्यक्ति, परिवार समुदायलाई तत्काल उद्दार गरी मानवीय सहयोगको उपलब्धता सुनिश्चत गर्न,
- उपलब्ध न्यूनतम साधन स्रोतको अधिकतम उपयोग गर्दे आवश्यक अन्य साधन स्रोतहरुको खोजी गरी नेपाल सरकारबाट भएका निर्णयको कार्यान्वन गर्न,
- जोखिम नक्सांकन गरी मनसुन समयको संकटासन्नता पहिचान, स्तरीकरण तथा क्षमता विश्लेष्ण गरी जोखिम न्युनीकरण गर्ने खालको क्रियाकलापहरु सञ्चालन गर्न,
- जिल्लामा मनसुन आपतकालीन कोष सञ्चालन गर्न ।

## २.२ कार्ययोजनाको अपेक्षित नतिजा :

यस कार्ययोजनाको अपेक्षित नतिजा देहाय अनुसार रहेका छन् ।

- विषयगत क्षेत्रहरुको मनसुन आपतकालिन कार्ययोजना निर्माण भई प्रतिकार्यका लागि सरल दस्तावेज निर्माण हुनेछ ।
- मनसुनको समयमा हुने विपद्बाट प्रभावित समुदायलाई उद्दार, राहत, तथा सहयोग गर्न सजिलो हुनेछ,
- जिल्लामा विपदको क्षेत्रमा कार्यरत संघसंस्थाहरुको पहिचान तथा श्रोतसाधनको आँकलन हुनेछ ।
- मनसुन आपतकालिन अवस्थामा विपद जोखिम न्यूनीकरण गर्न सरोकारवालाहरु वीच समन्वयात्मक संयन्त्रको निमार्ण भई विपद्को समय र विपद् पश्चात् तत्काल प्रतिकार्य गर्न सहज हुने छ ।
- मनसुन अवधिको विपद्को समयमा स्थानीय तह तथा जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समितिको समन्वय र सहकार्यमा प्रभावकारी प्रतिकार्यका गतिविधिलाई अघि बढाउने छ ।

# परिच्छेद–३

## मनसुन आपतकालीन कार्ययोजना, २०७९

गोरखा जिल्लामा बर्षायाममा बाढीपहिरो, डुवान, हावाहुरी, असिना, चट्याङ जस्ता प्रकोपहरुका कारण जिल्लाका विभिन्न पालिकाहरुमा धनजनको क्षतिलाई न्यूनिकरण गर्न, सम्भावित प्रकोपको लागि पुर्व तयारी रहन र आवश्यक प्रतिकार्यका लागि ठोस कार्ययोजना तयार गर्नु अनिवार्य रहेकोले विभिन्न सरोकारवाला संस्था तथा निकायहरुसँगको छलफल र प्राप्त तथ्यांकहरुको आधारमा यो मनसुन आपतकालिन कार्ययोजना, २०७९ तयार पारिएको छ । मनसुन समयमा हुने आपतकालिन अवस्थामा विपद जोखिम न्यूनिकरण, खोज तथा उद्धार र राहत वितरण जस्ता कार्यहरु यसै कार्ययोजना बमोजिम हुनेछन ।

### ३.१ क्षेत्रगत कार्ययोजना :

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगि संस्था निकाय | समय | कैफियत |
|---|---|---|---|---|---|
| १ | • जल तथा मौसम विज्ञान विभागका मौसम पुर्व सुचनाहरु संकलन गरी आवश्यक सर्तकताका लागि सम्बन्धित पालिका तथा सर्वसाधारण जनाकारी गराउने ।<br>• पालिकाहरुसँगको समन्वयमा बाढी, पहिरो, हावाहुरी,असिना तथा डुवानको जोखिममा रहेका वस्तिहरुमा पुर्व सुचनादिने र प्रकोपबाट सतर्कताकालागि सञ्चार माध्यमहरुमबाट प्रचारप्रसार गरी सुरक्षितरहन सूचित गर्ने | जिल्ला विपद व्यवस्थापन समिति<br><br>जिल्ला आपतकालीन कार्य संचालन केन्द्र | स्यानीय विपद व्यवस्थापन समिति नगरपालिका तथा गाँउपालिकाहरु जिल्ला समन्वय समिति<br><br>स्यानीय विपद व्यवस्थापन समिति | मनसुन अवधि भरी | |
| २ | • खोज तथा उद्धारकालागि आवश्यक न्यूनतम सामाग्रिसहित टोलिलाई तयारी राख्ने, जिल्लामा रहेका खोज तथा उद्धारका लागि आवश्यक ठूला साधनहरु आवश्यक पर्नासाथ प्रगोगमा ल्याउन सकिने गरी राख्ने।<br>• .स्थानिय व्यवस्थापन समितिलाई क्रियाशिल रही सम्वन्धित क्षेत्रको वस्तुगत अवस्था पहिचन तथा सुचना अद्यावधिक गर्न पालिकाहरु मार्फत जनकारी गराउने । | जिल्ला विपद व्यवस्थापन समिति नगरपालिका तथा गाँउपालिकाहरु | नगरपालिका तथा गाँउपालिकाहरु स्थानीय विपद व्यवस्थापन समिति सुरक्षा विकायहरु सडक जिल्ला समन्वय समिति | मनसुन अवधि भरी | |
| ३ | पालिकाहरुको मनसुन प्रतिकार्य पुर्वतयारी योजना तयार गर्न स्थानीय विपद व्यवस्थापन समिति तथा पालिकाहरुमा पत्रचार गर्ने तयारी मनसुन प्रतिकार्य पूर्वतयारी योजनालाई जिल्ला आपतकालिन कार्य केन्द्रमा आद्यवधिक राख्ने । | जिल्ला विपद व्यवस्थापन समिति | नगरपालिका तथा गाँउपालिकाहरु स्थानीय विपद व्यवस्थापन समिति म्ष्कतचष्अत ाभबम क्ाउउयचत ब्भलअथ ९मिक्0 | मनसुन अवधि भरी | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | मोसम पूर्वनुमानका सुचनाहरुको आधारमा सम्वन्धित समुदायहरु तथा सरोकावालाहरुमा सर्तकता सन्देश पठाउने । | जिल्ला विपद व्यवस्थापन समिति जिल्ला आपतकलिन कार्य केन्द्र | नगरपालिका तथा गाँउपालिकाहरु स्थानीय विपद व्यवस्थापन समिति म्ष्कतचष्अत ािभबम क्ाउउयचत ब्नभलअथ ९मिक्ब० | मनसुन अवधि भरी | |
| ५ | • जिल्ला तथा स्थानीयस्तरमा राहन सामाग्रीहरुको भन्डारणको व्वस्था गर्ने ।<br>• रहात समग्रीहरुको उचित भन्डारणको अनुगमान गर्ने । | जिल्ला विपद व्वस्थापन समिति जिल्ला आपतकलिन कार्य केन्द्र | नगरपालिका तथा गाँउपालिकाहरु स्थानीय विपद व्यवस्थापन समिति म्ष्कतचष्अत ािभबम क्ाउउयचत ब्नभलअथ ९मिक्ब० | निरन्तर | |
| ६ | जिल्ला विपद पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अद्यावधिक गर्ने । | जिल्ला विपद व्वस्थापन समिति | नगरपालिका तथा गाँउपालिकाहरु स्थानीय विपद व्यवस्थापन समिति म्ष्कतचष्अत ािभबम क्ाउउयचत ब्नभलअथ ९मिक्ब० | निरन्तर | |
| ७ | स्थानीय तहमा विपद प्रतिकार्य समुहाहरुको गठन तथा परिचालन । | स्थानीय विपद व्यवस्थापन समिति | नगरपालिका तथा गाँउपालिकाहरु | निरन्तर | |
| ८ | विपद पश्चत महामारी फैलिन नदिन र स्वास्थ्य सेवा प्रवाहमा सतर्कता अपनाउन आवश्यक औषधि तथा अन्य उपकरण र औजारहरुको पूर्वतयारी गरी भण्डारण लयायत आवश्यक तयारी अवस्थामा रहने | थानीय विपद व्यवस्थापन समिति स्वास्थ्य संस्था नगरपालिका तथा गाँउपालिकाहरु | स्थानीय विपद व्यवस्थापन समिति | निरन्तर | |
| ९ | • जिल्ला विपद व्यवस्थापन समितिले जिल्लाका सबै पालिकाहरु र जिल्ला स्थित सम्पुर्ण संस्था तथा निकायहरुसँग समन्वयात्कम भुमिका निर्वाह गरी मनसुनको कारण भएको क्षतिको विवरण तथा तथ्यांक संकलन गर्ने र राहत वितरण प्रकृयालाई प्रभावकारी बनाउने ।<br>• क्षति अनुसार रहात तथा सहयोगको लागी संघीय सरकार,प्रदेश सरकार,स्थानीय सरकार तथा अन्य विपद जोखिम न्युनिकरणमा क्रियाशिल संस्थाहरुसँग समन्य गर्ने साथै प्रतिकार्यका कामहरु व्यवस्थितरुपमा सञ्चालन गर्ने । | स्थानीय विपद व्यवस्थापन समिति नगरपालिका तथा गाँउपालिकाहरु | जिल्ला विपद व्यवस्थापन समिति जोखिम न्यूनीकरण क्रियाशिल संघसंस्था | निरन्तर | |
| १० | मनसुन पुर्व तयारी तथा प्रतिकार्यमा भए गरिएका कामहरुको अभिलेख राखने तथा सम्बन्धित निकायमा जनाकारी गराउने । | जिल्ला विपद व्यवस्थापन समिति | नगरपालिका तथा गाँउपालिकाहरु स्थानीय विपद व्यवस्थापन समिति | निरन्तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | म्ष्कतचष्अत ीभबम क्ाउउयचत ब्नभलअथ ९मिक्ब० | | |

गोरखा जिल्ला स्थित सम्पुर्ण पालिकाहरु, विषयगत कार्यालयहरु, स्थानीय विपद व्यवस्थापन समितिहरु र अन्य संघसंस्थाहरुले यस मनसुन आपतकालिन कार्ययोजना,२०७९ बमोजिम आ-आफ्ना कार्ययोजनाहरु तयार गरी कार्यान्वयन गर्न सक्नेछन् साथै त्यसको जानकारी जिल्ला विपद् व्यवस्थापन समितिमा गराउनु पर्नेछ ।

### ३.२ मनसुनको समयमा हुनसक्ने विभिन्न विपद् जोखिमहरु र क्षेत्रगत अवस्था:

विगत वर्षहरुको अनुभव तथा घटना र तथ्यांकहरु साथै स्थानीय विपद् समितिहरुसँगको जानकारीको आधारमा गोरखा जिल्लाका विभिन्न पालिकाहरुमा मनसुनको समयमा हुन सक्ने सम्भावित विपद जोखिमको अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**क) पहिरो/भू-क्षय :**

| क्र. सं. | पालिका | विपद् जोखिमको उच्च अवस्थामा रहेका क्षेत्रहरु र सम्भावित प्रभावित हुन सक्ने घरधुरी | विपद् जोखिम मध्यम अवस्थामा रहेका क्षेत्रहरु र सम्भावित प्रभावित हुन सक्ने घरधुरी | विपद् जोखिम न्यून अवस्थामा रहेका क्षेत्रहरु र सम्भावित प्रभावित हुन सक्ने घरधुरी |
|---|---|---|---|---|
| १ | चुमनुब्री गा.पा. | जगतवगर १० घर, पातीगाउँ ४५ घर, दोयल ४५ घर, सानो फिनाम ४०, घर घट्टेखोला २२ घर, नाक्चेत १५ घर, सल्लेरी २० घर, | | |
| २ | धार्चे गा.पा. | खानीगाउँ ३० घर, खानीवेशी १० घर, यमगाउँ ५५ घर, लाप्राक पुरानो वस्ती ५०० घर, खोर्लागाउँ ९० घर, सिङलागाउँ १८० घर, दुङलागाउँ २० घर, तातोपानी ५ घर, माछाखोला ५० घर, रुन्चेत ५० घर, केरौजावेशी ३० घर, हुलचुक ५० घर, भिरकुनागाउँ ६० घर, लापुगाउँ २५ घर, | गुप्सीपाखा ५७३ घर, गुम्दागाँउ ४०० घर, लप्सीबोट ५५ घर, लापुगाँउ ३०० लिदिङ २५ घर, काशीगाँउ १६० घर, यामागाँउ १०० घर लामावेशी ७५ घर, खोर्लाबेशी ५० घर, उहियागाँउ ३५० घर | |
| ३ | बारपाक सुलिकोट गा.पा. | बारपाक दलित बस्ती ३० घर, मान्द्रे ४० घर, कोंजे १५ घर, पोखरी ५० घर, रन्चोक ३० घर, सिम्बु ३० घर, खारचोक भञ्ज्याङ २५ घर, कुमालटारी ७५ घर, मसार ३० घर,माथिल्लो जराङ २५ घर, अमले मुलाबारी ५० घर, | बारपाक गाँउ ५० घर, सौरपानी भञ्ज्याङ १०० घर, नालपनजौवारी ३५ घर, माझथर ४० घर, तामालाबोट क्षेत्र १५० घर, मैलुन २२ घर, पन्द्रुङ्ग ४० घर, | बारपाकगाँउ, सौरपानी, ताकुकोट |

| | | | | |
|---|---|---|---|---|
| | | | बालुवा २० घर,देउराली भञ्ज्याङ २५ घर | |
| ४ | अजिरकोट गा.पा. | धनसिरा ५० घर,ताप्लेगाँउ ४० घर,बाँझे २० घर | मिलिम ४० घर,सिमजुङ गाँउ ५० घर, कुसुन्डे २० घर, झायाँवा २५ घर,पोखाटर २५ घर, काफलडाँडा २० घर, लामीडाँडा १५ घर,लव्सीवोट १५ घर, आग्रीडाँडा ५० घर, खरीबोट ३५ घर, | बालुवा, मुच्चोकटार, ढोडेनी, नाम्की, सिरानडाँडा, भच्चेक बजार |
| ५ | सिरानचोक गा.पा. | भिरसिंग १५ घर, केरावारी १५ घर, नेपाने १० घर र बाटोमुनि २४ घर,खमारी १२ घर,झमरेक ५ घर,राम्चे ८ घर,पाम क्षेत्रमा २५ घर,पयालपानी ६ घर,निभारे ४ घर,घुरे ४ घर,धादिङगाउँ ३ घर,सापकोटगाउँ ३ घर,सिमालबोट १४ घर,काउलेगाउँ ५ घर,ठानेस्वारा ४ घर,घिमिरेगाउँ १० घर,फिरफिरे आरुवोटेका १० घर,चित्रे ६ घर,चिउरीबोट ४ घर,अमाई क्षेत्र १० घर,सालबोट ६ घर,हरिवले ५ घर,नामरुङ १० घर,माथिल्लो गाँखु ६ घर,गैरीगाँउ ५ घर,सान्नानी भञ्ज्याङ क्षेत्रमा १० घर,सिम्ले क्षेत्रमा ४० घर,गोहोरे क्षेत्रमा २० घर,लाङदी १० घर,जौवारी क्षेत्रमा १५ घर | केरावारी गाँउ ५० घर,आम्दुङ १६ घर,नेपाने ३० घर,महिपते ३५ घर,थालाजुङ र नयाँवजार ५० घर,खमारी २५ घर,माथिल्लो पाम ३० घर,चित्रे १०० घर,चिउरीबोट १५ घर,अमराई ५० घर,सालबोट २५ घर,छोप्राक मैदान,२५ घर,काप्रस्वारा २५ घर,आरुबोटे ३० घर,आदुवारी १५ घर,नयाचौतारा क्षेत्र १० घर,नामरुक २५ घर,गाँखुगाउँ ३० घर,गैरीगाउँ ३५ घर,भगेरीगाउँ २० घर,आरुबोटे २५ घर,सिम्ले क्षेत्र ५० घर,माथिल्लो तथा तल्लो गोहोरे क्षेत्र ६० घर,लाङदी क्षेत्र १५ घर,जौबारी क्षेत्र २० घर,चिप्लेटी तथा धारापानी क्षेत्र २५ घर | पाडेवेशी, मुगे, मल्लटार, चोरकाटे<br>जरबरे नयाँसाँघु, महटार, अर्कूल, फिनामटार, चनौटे क्षेत्र |
| ६ | आरुघाट गा.पा. | स्यामचेत ४५ घर स्यामराङ ५० घर आरखेत ३५ घर,फुलपाती भञ्ज्याङ ८० घर,अलैचे ५० घर, | माझगाँउ मान्वु १०० जामुने २५ घर,आप्रिक ५० घर,आरुपोखरी १०० घर,आरुघाट ३५ घर, | लामवगर, सातदोवाटो, आरुटार, मङलटार, ओयाक |
| ७ | भिमसेनथापा गा.पा. | कोयाभञ्ज्याङ ३० घर,मसेल २५ घर | ओख्ले ३५ घर,डाँडाबेशी ५०घर,धावा १०० घर,खान्चोक ३५ घर, | |

| | | | | |
|---|---|---|---|---|
| ८ | सहिद लखन गा.पा. | धरती पाखा अधेरी २० घर,तीनघरे ठाडो पखेरा ३० घर,खगी र दार्चे ५० घर | भोगटेनी क्षेत्र, ताक्लुङ तेर्से बेशी वस्ती | |
| ९ | गण्डकी गा.पा. | सानो दर्वाङ ५० घर,रामपूर १०० घर,देविथान थुम्का क्षेत्रको चेपाङ ३३ घर,मगर र दलित वस्ती ४० घर दलित वस्ती ४० घर,बेनीगाउँ गुरुङ र नेवार वस्ती २० घर, | | |
| १० | पालुङटार न.पा. | दार्मीचौर ४० घर,पाथीभारा २५ घर,सानो डुम्रे २० घर,राउतेपानी सभाचौताचरो २५ घर | सिमपानी, फलामखानी, वागडाँडा, धुवाँकोट | |
| ११ | गोरखा न.पा. | कोखे आहाले ५० घर नारेश्वार ३५ घर,खाल्टे गाँगटे ३५ घर, गोप्लिङ्ग २० घर, २५ घर गोनपा ११, | | |

## ख) बाढी /डुवान/कटान

**बुढी गण्डकी कोरिडोर** - जगतबगर, यारुबगर, माछाखोला, सोती, आरखेत, आरुघाट, क्यामुटार, बुटार,
**दरौंदी कोरिडोर** - वालुवा, ढोडेनी, फिनामटार, अर्कुल, चनौटे, भालुश्वारा, खहरे महटार, नयाँसाघु, जरेबर, चोरकाटे, छेवेटार,
**हुडीखोला** - हुडीफाँट, लामगरा, एक्लेफाँट
**मोदीखोला** - लामबगर, तान्द्राङ्ग र आरुपोखरीको बेशीभाग भुसुण्डीखोला
**भुसुण्डीफाँट**- चोरकाटे, समिफेद, अन्नपूर्णबेशी
**चेपेखोला** - बुधसिंटार, पाँडेबेशी, मुगे, एक्लेफाँट, भण्डारथोक, चेपेघाट आदि स्थान,

मनसुनको समयमा हुन सक्ने विपद् जोखिमहरुको प्रभावित क्षेत्रहरु, त्यसको सम्भावित प्रभाव आदिलाई मध्यनजर गरी पूर्व तयारी अवस्थामा रहन साथै विपदको समयमा खोज तथा उद्धार र राहत व्यवस्थापनका लागि गर्न सकिने सम्भावित क्रियाकलापहरु र जिम्मेवारी वाँडफाँड यसप्रकार गरिएको छ ।

| प्रभावित हुन सक्ने स्थान | संभावित प्रभाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा |
|---|---|---|---|---|---|
| ***पहिरो/भुक्षय/बाढी*** | | | | | |
| चुमनुब्री ग.पा. मा ६९२३ जनसंख्या बाढी, पहिरो तथा खोला/नदी कटानको जोखिममा रहेका छन् । | • पहिरोबाट घरबस्ती, खेतबारी तथा अन्य धनजनको क्षति हुन सक्ने । | • मौसम पूव सूचना संकलन र प्रशारणका लागि पालिका र स्थानीय विपद | जिल्ला विपद व्यवस्थापन समिति, नगरपालिका, | जिल्ला समन्वय समिति, विपदको | मनसुनको अवधिभर निरन्तर |

<table>
<tr>
<td>धार्चे गा.पा. मा १३२१९ जनसंख्या बाढी, पहिरो तथा खोला/नदी कटानको जोखिममा रहेका छन्</td>
<td rowspan="8">• बाढीका कारण खोला तथा नदी तटीय जग्गा कटान भई जग्गा तथा बालीनाली नोक्सान हुन सक्ने ।<br>• बाढीले बगाएर समुदायमा धनजनको क्षति हुन सक्ने ।</td>
<td rowspan="8">व्यवस्थापन समितिलाई पत्राचार गर्ने ।<br>• पालिका, स्थानीय विपद व्यवस्थापन समिति र समुदाय बीच साझा सूचना प्रवाह गर्ने<br>• प्राप्त सुचना प्रभावित समुदायमा पुगे नपुगेको पालिका तथा स्था.वि. व्य. समितिका विपद सम्पर्क व्यक्ति मार्फत् सुनिश्चित गर्ने ।<br>• समुदायको सम्पर्क व्यक्तिले नियमित रुपमा संभाबित बाढी तथा पहिरो जाखिम क्षेत्रको अनुमन गर्ने, जोखिम बढेमा पालिका वा स्था.वि. व्य. समितिका सम्पर्क व्यक्ति र प्रमुखलाई जानकारी गराउने ।<br>• बाढी तथा पहिरो प्रभावित हुन सक्ने समुदायमा खोज तथा उद्धारका लागि आवश्यक पर्ने तालिम प्राप्त जनशक्ति र सामग्रीहरु को नक्सांकन तथा व्यवस्थापन गर्ने ।<br>• बाढी पहिरोका कारण विस्थापित हुन पुगेका परिवारका लागि अस्थाई क्याम्पको लागि आवश्यक स्थान र साधनहरुको तयारी गर्ने<br>• अत्यावश्यक राहत सामग्री वितरणको व्यवस्था तथा अनुगमन गर्ने ।<br>• जि.वि.व्य.समितिमा मनसुनका कारण भएको क्षति तथा राहत</td>
<td rowspan="8">गाऊँपालिका, स्थानीय विपद व्यवस्थापन समिति</td>
<td rowspan="8">क्षेत्रमा काम गर्ने संघ सस्थाहरु सुरक्षा निकाय, नीजि क्षेत्र, संचार माध्यम</td>
<td rowspan="8"></td>
</tr>
<tr><td>अजिरकोट गा.पा. मा १४८०२ जनसंख्या बाढी तथा पहिरोको जोखिममा रहेका छन् ।</td></tr>
<tr><td>वारापाक सुलिकोट गा.पा.मा २५३८९ जनसंख्या बाढी तथा पहिरोको उच्च जोखिममा रहेका छन् ।</td></tr>
<tr><td>सिरान्चोक गा.पा. मा २६६२८ जनसंख्या बाढी, पहिरो तथा खोला नदी कटानको जोखिममा रहेका छन् ।</td></tr>
<tr><td>आरुघाट गा.पा.मा २३८८७ जनसंख्या बाढी तथा पहिरोको जोखिममा रहेका छन् ।</td></tr>
<tr><td>भिमसेन थापा गा.पा.मा २२०३३ जनसंख्या बाढी, पहिरो तथा खोला नदि कटानको जोखिममा रहेका छन् ।</td></tr>
<tr><td>शहिद लखन गा.पा.मा २७५५५ जनसंख्या बाढी पहिरो तथा खोला नदी कटानको जोखिममा रहेका छन् ।</td></tr>
<tr><td>पालुङटार न.पा.मा ३८१७४ जनसंख्या बाढीपहिरो तथा खोला नदी कटानको जोखिममा रहेका छन् ।</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| गोरखा न.पा.मा ४९२७२ जनसंख्या बाढीपहिरो तथा खोला नदी कटानको जोखिममा रहेका छन् । | | वितरण को विवरण अद्यावधिक गर्ने । | | | |
| ***असिना, हिउँ*** | | | | | |
| चुमनुव्री गाउँपालिकाका सवै वडाहरु<br>धार्चे गाउपालिकाका सवै वडहाहरु<br>अजिरकोट गाउपालिकाका सवै वडाहरु<br>वारपाक सुलिकोट गाउपालिकाका सवै वडाहरु<br>सिरान्चोक गाउपालिकाका सवै वडाहरु<br>आरुघाट गाउपालिका सबै वडाहरु<br>भिमसेन थापा गाउपालिका सवै वडाहरु<br>शहिद लखन गाउपालिका सवै वडाहरु<br>गण्डकी गाउपालिकाका सवै वडाहरु<br>गोरखा नगरपालिकाका सवै वडाहरु | • जिल्लाको चुमनुब्री, धार्चे, वारपाक सुलिकोट रअजिरकोट गाउँपालिकाका क्षेत्रहरुमा अत्यधिक हिउँका कारण समुदाय घरभित्रै बस्न बाध्यहुन सक्ने ।<br>• प्रभावित समुदायमा आर्थिक उपार्जनका क्रियाकलापहरु बन्द हुन सक्ने ।<br>• प्रभावित समुदायमा घरवस्ती हरु हिउँले भत्काउन सक्ने र समुदाय जोखिममा पर्ने, विस्थापित हुन सक्ने<br>• जिल्लाका सबैजसो पालिकाहरुका साथै मुख्यतः तल्लो क्षेत्रका पालिकाहरु असिनाका कारण वालीनाली नोक्सान भई समुदायमा आर्थिक व्ययभार बढ्न सक्ने, | • असिना तथा हिउँ पर्न सक्ने समयलाई ध्यान दिई वालीनाली लगाउने,<br>• पूर्व तयारी स्वरुप खाद्यान्न सञ्चिति, दाउरा र ग्याँसको व्यवस्थापन तथा अन्य आवश्यक उपभोग्य सामग्रीहरुको व्यवस्थापन गर्ने ।<br>• विपद आईपरेमा खोज तथा उद्धारका लागि मानव स्रोत तथा सामग्री व्यवस्थापन गर्ने ।<br>• पालिका, स्था.वि.व्य. समिति तथा जि. वि. व्य. समितिमा हिउँ तथा असिनाले पारेको प्रभाव तथा क्षतिको विवरण र राहत वितरणको अभिलेख अद्यावधिक गर्ने । | जिल्ला विपद व्यवस्थापन समिति, नगरपालिका, गाऊँपालिका, स्थानीय विपद व्यवस्थापन समिति, | जिल्ला समन्वय समिति, विपदका क्षेत्रमा स्थानिय विपद व्यवस्थापन समिति, | मनसुनको अवधि भर निरन्तर |

जिल्लामा वर्षायाम तथा मनसुनको समयमा हुन सक्ने पहिरो, वाढी तथा नदी कटान आदि विपद जोखिम न्यूनीकरण अन्तर्गत गरिने पूर्व तयारीका साथै उद्धार तथा राहत वितरण महत्वपुर्ण हुन आउँछ । यसका लागि जिल्ला भित्र पहिचान गरिएका तथा प्रयोग गर्न सकिने संभावित सुरक्षित आश्रय स्थलहरुको विवरण यस प्रकार रहेको छ ।

**पालिकाहरु अन्तर्गत :**

**चुमनुव्री गाउपालिका :** चुम्चेत,  प्रोक , फिलिम, छेकेम्पार

**धार्चे गाउँपालिका :** खोर्लावेशी, लामावेशी, गुप्सीपाखा, लापुवेशी, उहियागाँउ, माछाखोला, सिङ्गला
**वारपाक सुलिकोट गाऊँपालिका :** वारपाकगाउँ, सौरपानी, ताकुकोट, पन्द्रुङ्ग, देउराली, घ्याम्पेशाल
**अजिरकोट गाउपालिका :** वालुवा, भच्चेक, खरिबोट, काफलडाँडा, लप्सीबोट, बुघसिंटार, सिमजुङ्ग, मुच्चोकटार
**सिरानचोक गाऊँपालिका :** जौवारीबजार, चिप्लेटी, चित्रे, हर्मी भञ्ज्याङ्ग, मैदान, नयाँसाँघु, अर्कुल, फिनामटार
**आरुघाट गाऊँपालिका** :मान्बुँ, आरखेत, आरुघाट, आरुटार
**भिमसेनथापा गाऊँपालिका :** तान्द्राङ्ग, घ्याम्पेसाल, बगुवा
**सहिदलखन गाऊँपालिका :** मनकामना, क्यामुनटार, वुकोट
**गण्डकी गाऊँपालिका :** घ्याल्चोक, मकैसिंङ्ग
**पालुङ्गटार नगरपालिका :** ठाँटीपोखरी, हवाई ग्राउण्ड, विरुवाटार, सेरा, विर्दी, बोहोराटार
**गोरखा नगरपालिका :** गोरखा बजार, छेवेटार, मझुवा देउराली
यसमा उल्लेखित ठाउहरु अनुसार विद्यालय, सार्वजनिक भवन सार्वजनिक स्थल प्रयोग गर्न सकिने छ ।

**३.३ विपदको पूर्वतयारी :**

**चरण १: सामान्य अवस्था :**

***१.१ विपदको अवस्थामा पूर्वतयारीका लागि गरिने कार्यहरु :***

१. जनप्रतिनिधि, कर्मचारी तथा समुदायमा यसको रोकथामका लागि अपनाउनु पर्ने उपायहरु सहित उच्च सतर्कता अपनाउन सूचना जारी गर्ने ।

२.जनप्रतिनिधि, कर्मचारी तथा स्वास्थ्य कर्मीहरुका लागि सुरक्षात्मक सामग्रीहरु खरिद गरी वितरण गर्ने ।
३.मातहतका संयन्त्रहरुको बैठक राखी आवश्यक पूर्वतयारी तथा सचेतनामुलक कामहरु गर्ने ।
४.सरोकारवालाहरुसँगको वैठक आयोजना गर्ने तथा आयोजित वैठकहरुमा सहभागी हुने ।
५.जिल्ला स्तरको आकस्मिक योजना तयार गर्ने र पालिकास्तरको आकस्मिक योजना तयारीका लागि पालिका तथा स्थानीय विपद व्यवस्थापन समितिलाई पत्राचार गर्ने ।
६. स्थानीय तहमा विपद सम्वन्धी कार्ययोजना वनाउने र लागु गर्ने ।
७. स्थानीय संचार माध्यमद्धारा विपद पूर्व सूचना सम्वन्धी सूचना तथा जानकारी प्रकाशन प्रशारण गर्ने,

***१.२ विपदको अवस्थामा सञ्चालन गरिने कार्यक्रमहरु :***

- स्थानीय विपद व्यवस्थापन समितिलाई क्रियाशिल बनाउने ।
- पालिकाहरु, स्वास्थ्य संस्था तथा विपद् व्यवस्थापन समितिको माध्यमबाट विपदलाई मध्यनजर गरी नियमित रुपमा पालिकास्तरको अवस्था आँकलन प्रतिवेदन तयार गर्ने र सम्वन्धीत सरोकारवालाहरुलाई जानाकारी गराउने,
- सूचना, शिक्षा तथा जानकारीमुलक सामाग्री तयार गरी समुदायमा सचेतिकरण गर्न सहजीकरण गर्ने,

**चरण २ : सतर्क अवस्था :**

*२.१ सञ्चालन गरिने कार्यक्रमहरु :*

● स्थानीय विपद व्यवस्थापन समितिलाई क्रियाशिल बनाई समुदायमा सचेतना अभियान सञ्चालन गर्ने

● जिल्ला भित्र बढी जोखिममा रहेका व्यक्ति र समुदाय पहिचान गरी उच्च सतर्कताका साथ उनीहरुको अवस्था र गतिविधिहरुको अनुगमन गर्ने र त्यसको अभिलेख राख्ने ।

● पालिकाको समन्वयमा स्थानीय विपद व्यवस्थापन समिति, क्याड्रे, खानेपानी उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समिति, टोलटोलका प्रतिनिधि, विभिन्न समुह/समितिका पदाधिकारीहरु, महिला स्वास्थ्य स्वयं सेविका तथा स्वास्थ्य कर्मीहरुको सहयोगमा समुदायस्तरमा अपनाउनु पर्ने कुराहरुको बारेमा सचेतनामुलक सामग्री वितरण तथा अभियान सञ्चालन गरी समुदाय सुसुचित भएको निर्क्यौल गर्ने ।

**चरण ३ : उच्च जोखिम अवस्था अन्तरगत सञ्चालन गरिने कार्यक्रमहरु :**

● जिल्ला विपद व्यवस्थापन समितिले पालिका तथा अन्य सरोकारवाला संस्था निकायहरुसँग समन्वय गरी स्वास्थ्य सन्देश तथा सेवा प्रवाहका लागि आवश्यक सामग्रीहरु व्यवस्थापन गरी प्रचार प्रसार गर्ने ।

● जिल्लामा अवस्था आँकलन गर्ने र अति जोखिममा रहेका व्यक्ति र घरपरिवारलाई आवश्यक सहयोगको प्रवन्ध मिलाउने ।

● हावाहुरी, चट्याङ्ग, असिना पानी, भारि वर्षाका समयमा समुदाय र घरपरिवारलाई घर बाहिर ननिस्कन सूचना जारी गर्ने ।

● लाभग्राहीहरुलाई अत्यावश्यक काममा सरकारको निर्णय बमोजिम सेवा प्रवाहको व्यवस्थापन गर्ने ।

● सरक्षण क्षेत्र व्यवस्थित गर्ने ।

● राहत सामाग्री, औषधी तथा स्वास्थ्य सामग्री व्यवस्थापन गर्ने ।

● शव व्यवस्थापनको लागि संयन्त्र तयार गरी परिचालन गर्ने ।

● स्वास्थ्य सेवा तथा उपचारका लागि तयार गरिएको सामाजिक सुरक्षा प्रवन्धको बारेमा जानकारी दिने ।

**३.४ समस्या तथा चुनौतिहरु :**

● जिल्लाको धेरैजसो भू-भाग पहाडी क्षेत्र हुनु र कतिपय क्षेत्रमा सडकसंजाल नपुग्नु ।

● पहाडी र हिमाली क्षेत्रका कारण जिल्लाको सबै क्षेत्रमा वर्षभरी यातायातको सुविधा हुन नसक्नु ।

● समुदायमा विपद् जोखिमको बारेमा पर्याप्त ज्ञान नहुनु र विपद् जोखिम न्यूनीकरणका कामलाई सामुदायिक विकासको कामका रुपमा नलिनु ।

**३.५ चुनौतिहरुलाई ध्यान दिँदै समस्या समाधान गर्न अपनाउनु पर्ने उपायहरु :**

● विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय तह तथा सरोकारवाला संस्था निकायहरु मार्फत् समुदायमा सचेतीकरणका साथै साना अल्पिकरणका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

● मनसुनको समयलाई ध्यान दिई जिल्ला भित्रको रणनैतिक सडकहरु वर्ष भरी सञ्चालनमा आउन सक्ने गरी तयारी अवस्थामा राख्ने ।

● गोरेटो तथा घोडेटो बाटोहरु सफा गरी सूचारु अवस्थामा राख्ने ।

● पहिरोको उच्च जोखिममा रहेका समुदायमा सचेतीकरण गर्ने र पूर्व तयारी अवस्थामा राख्ने ।

● विपद्को अवस्थालाई मध्यनजर गरी अस्थायी आश्रय स्थलहरुको पहिचान गर्ने र समुदायमा जानकारी गराउने ।

● विपद् आईहालेमा खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन जनशक्ति तथा सामग्री व्यवस्थापन चुस्त राख्ने ।

● विपद् जोखिममा रहेका वा अस्थायी आश्रयस्थलमा बसेका समुदायलाई आवश्यक राहत वितरणको व्यवस्था गर्ने ।

● समुदायस्तरमा चेकजाँच परिक्षणको दायरालाई बढाउन जिल्ला विपद् व्यवस्थापन समितिले सम्बन्धित निकायमा समन्वय गरी व्यवस्था मिलाउने ।

**३.६ मनसुन विपद् जोखिम सम्बन्धमा आगामी दिनमा जोड दिनुपर्ने कुराहरु :**

● मनसुनको कारण जिल्ला भित्र घटेका विभिन्न विपद्का घटनाहरुको सूचना जानकारी संकलन गर्ने ।

● विपद्को समयमा गर्नुपर्ने खोज तथा उद्धारका लागि अत्यावश्यक सामग्री व्यवस्थापन गर्ने र खोज तथा उद्धार टोलीलाई चुस्त राख्ने ।

● मनसुनको समयमा हुन सक्ने विपद् प्रभावितहरुका लागि राहत सामग्री व्यवस्थापन गर्ने ।

● विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरुको अनुगमन गर्ने ।

● अनुगमन तथा नियमन गर्ने ।

● जोखिम ठाउ पहिचान गर्ने, ठाउ व्यवस्थित गर्न आवश्यक समन्वय गर्ने ।

● जिल्लाको मनसुन विपद् सम्बन्धी तथ्यांक अद्यावधिक गर्ने र सम्बन्धित निकायमा जानकारी गराउने ।

# परिच्छेद–४

**गोरखा जिल्लामा मनसुन समयमा हुनसक्ने विपद जोखिम न्यूनिकरण प्रतिकार्य योजना :**

| **विपद /जोखिम** | **सम्भावित जोखिममा रहेका घरधुरी जनसख्या** | **सहयोग दिनुपर्ने घरधुरी/जनसख्या** | **क्रियाकलाव तथा आवश्यक सहयोगको विवरण** |
|---|---|---|---|
| पहिरो/भूक्षय/ जग्गा कटान | ४२०० परिवार | ४२०० परिवार | ● पहिरो रोकथाम तथा नियन्त्रणका लागि तारजाली भर्ने<br>● ढुङ्गा र सिमेण्टको गारो लगाउने<br>● पहिरो क्षेत्रबाट पानीको भल तर्काउने, |
| वाढी/डुवान | ७०० घरपरिवार | ७०० घरपरिवार | ● बुढीगण्डकी, दरौंदी, चेपे, भुसुण्डी, हुडीखोला, मोदीखोला आदि खोलाका किनारमा तटबन्ध गर्ने । |
| असिना/हिउँ | ४५० घरधुरी | ४५० घरधुरी । | ● असिना प्रभावित किसानहरुलाई बीऊविजन, विषादी तथा अन्य कृषि सामग्री सहयोग गर्ने । |
| महामारी (पानी जन्य रोगहरु- झाडा पखाला, जण्डिस, आदि) | १८०० घरधुरी | १८०० घरधुरी | ● खानेपानी उपभोक्ता समितिहरुलाई आ- आफ्नो खानेपानीका मुहानहरु रुपमा सफा गर्न लगाउने ।<br>● खानेपानी योजनाहरुमा मनसुनका कारण क्षति भएमा मर्मत सम्भार गर्ने ।<br>● स्वास्थ्य उपचारका लागि औषधी तथा सामग्रीहरुको उचितव्यवस्थापन गर्ने ।<br>● मनसुनको समयमा हुन सक्ने विपदहरमा समुदायमा सचेतना अभिवृद्धि तथा स्थानिय विपद व्यवस्थापन समिति परिचालन गर्ने, |
| **सि न** | **विपद जोखिमहरु** | **राहत सामाग्री आवश्यक पर्ने घरधुरी सख्या** | **आवश्यक पर्ने राहत सहयोग** |
| १ | बाढी, पहिरो, असिना, हावाहुरी, पानीजन्य, महामारी, आदि | ३००० घर परिवार | सफा पानीको प्रवन्ध गर्नुपर्ने,<br>हाईजिन किट - ३०००<br>डिगनिटी किट - १५००<br>खाद्यान्न प्याकेज- ३०००<br>राहत प्याकेज सेट सामाग्री<br>व्ल्याङ्केट/कम्बल/म्याक्टीस- ६०००<br>पि-फोमम्याट्रेस- ६००० मि<br>व्लीचिङ्गपाउडर- ५०० केजी<br>तरकारी विउ सेट : १००० |

जिल्लाका सवै पालिका तथा सरोकारवाला संस्था निकायहरुले उल्लेखित क्रियाकलापहरु आ-आफ्नो वार्षिक कार्यक्रममा विपद् व्यवस्थापन शिर्षकमा समावेश गरी समन्वयात्मक रुपमा कार्यान्वयन गर्ने । साथै जिल्ला विपद् व्यवस्थापन समितिले आवश्यकता अनुसार प्रदेश तथा संघमा पनि समन्वय गर्नेछ ।

# परिच्छेद–५

## विषयगत क्षेत्र अनुसारको कार्य विवरण :

### ५.१. समन्वय, खोज तथा उद्धार :

| क्र.सं. | क्रियाकलाव | जिम्मेवारी | सहयोगी निकाय | समय |
|---|---|---|---|---|
| १ | बाढी, पहिरो तथा डुवानको जोखिममा रहेका वस्तीहरुको पहिचान गरि पूर्व सुचना दिने र समुदायमा रहेका संचार माध्यमबाट प्रचार प्रसार गर्ने | स्थानीय विपद व्यवस्थापन समिति | (DEOC), पत्रकार महासघ, स्थानिय तह, | मनसुन सुरु हुनु पूर्व देखि निरन्तर |
| २ | सामुदायिक एफ.एम. लगायत स्थानीय मिडिया मार्फत मनसुनपुर्व तयारी प्रचारप्रसार अभियान सञ्चालन गर्ने | जिल्ला विपद व्यवस्थापन समिति | प्रत्येक स्थानिय तह, | मनसुन सुरु हुनु पूर्व देखि निरन्तर |
| ३ | सुरक्षा निकायका इकाईहरु तथा समुदाय स्तरका तालिम प्राप्त स्वयम सेवकहरुको सम्पर्क सुचि तयार गर्ने | सुरक्षा निकाय | (DEOC), पत्रकार महासघ, स्थानिय तह, | जेष्ठ महिना भित्र र मनसुन अगावै |
